रंगेली नगरपालिका

१ नं. प्रदेश, मोरङ

# रंगेली नगरपालिकाको राजपत्र

## रंगेली नगरपालिकाबाट प्रकाशित

खण्ड : ५ संख्या : ४ मिति : २०७८/११/२९

भाग-२

नेपालको संविधानको धारा २२६ बमोजिम तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ बमोजिम नगरसभाले बनाएको यो ऐन सर्वसाधारणको लागि प्रकाशन गरिएको छ ।

# एम्बुलेन्स तथा शव बाहन सञ्चालन सम्बन्धी कार्यविधि, २०७८

**प्रस्तावनाः**

रंगेली नगरपालिका तथा सिमा जोडिएका नगर तथा गाउँ पालिकामा बसोबास गरेका जनतामा एम्बुलेन्स तथा शव बाहनको सेवाको पहुँच बढाई सेवाको गुणस्तर वृद्धि गर्न तथा नागरिकको स्वास्थ्य सेवामा थप उपचारका लागि आवश्यक सुविधा पु-याउने हेतुले यस क्षेत्रमा एम्बुलेन्स तथा शव बाहन सेवा सञ्चालन गर्न अत्यावश्यक जरुरी भएकाले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ (२) बमोजिम नगर कार्यपालिकाले यो एम्बुलेन्स तथा शव बाहन सञ्चालन सम्बन्धी कार्यविधि, २०७८ तयार गरेको छ।

## परिच्छेद १

**१.संक्षिप्त नाम र प्रारम्भ**

१.१ यो कार्यविधिको नामः "एम्बुलेन्स तथा शव बाहन सञ्चालन सम्वन्धी कार्यविधि, २०७८" रहनेछ ।

१.२ यो कार्यविधि रंगेली नगरपालिकाको कार्यपालिकाबाट स्वीकृत भएको मिति देखि लागु हुनेछ।

## परिच्छेद २

**२. परिभाषा र व्याख्या** : विषय र प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः-

(क) "कार्यविधि" भन्नाले एम्बुलेन्स तथा शव बाहन सञ्चालन तथा सहयोग सम्बन्धी कार्यविधि २०७८ लाई जनाँउछ ।

(ख) "नगरपालिका" भन्नाले रंगेली नगरपालिकालाई जनाँउछ ।

(ग) "एम्बुलेन्स" भन्नाले नगरपालिकाद्वारा सञ्चालित विरामी ओसार्ने स्वीकृति प्राप्त गरेको सवारी साधन सम्झनु पर्दछ र सो शब्दले उक्त सवारी साधनमा जडित स्वास्थ्य उपकरण समेतलाई जनाउनेछ ।

(घ) "शव वाहन" भन्नाले मृतक व्यक्तिको दाहसंस्कार वा पोष्टमार्टम गर्ने स्थल सम्म ल्याउन लैजान प्रयोग गरिने साधनलाई जनाँउछ।

(ङ) "कर्मचारी" भन्नाले आवश्यकतानुसार एम्वुलेन्स तथा शव वाहनमा उपस्थित रहने स्वास्थ्यकर्मी र एम्बुलेन्स तथा शव बाहन चलाउने चालक सम्झनु पर्दछ ।

(च) "समिति" भन्नाले यस कार्यविधिको बुँदा नं. ६ बमोजिम गठन हुने एम्बुलेन्स तथा शव वाहन सेवा व्यवस्थापन समिति सम्झनु पर्दछ ।

(छ) "संस्था" भन्नाले स्वास्थ्य संस्थाहरुलाई जनाँउछ ।

(ज) "विरामी" भन्नाले स्वास्थ्य उपचारका लागि संस्थामा उपचारका लागि लैजानु पर्ने व्यक्ति बुझाउँछ।

(झ) "शाखा" भन्नाले नगरपालिकाको विपद् व्यवस्थापन शाखा सम्झनु पर्दछ ।

(ञ) "शाखा प्रमुख" भन्नाले विपद् व्यवस्थापन शाखाको प्रमुखलाई सम्झनु पर्दछ ।

(ट) "अस्पताल" भन्नाले रंगेली अस्पताललाई जनाउँछ।

## परिच्छेद ३

**३. एम्बुलेन्स तथा शव बाहन सञ्चालन सम्बन्धी कार्यविधिका उद्देश्यहरुः**

(क) एम्बुलेन्स तथा शव वाहन सञ्चालनको जिम्मेवारी विश्वसनीय र भरपर्दो रूपमा निर्वाह गर्ने,

(ख) एम्बुलेन्स तथा शव वाहन सञ्चालनको लागी स्रोत व्यवस्था, नियमित मर्मत संभार र सेवा प्रवाह प्रभावकारी बनाउने ।

(ग) रंगेली नगरपालिका तथा छिमेकी पालिकामा बसोबास गरेका नागरिकको स्वास्थ्य सेवामा थप उपचारका लागि विभिन्न स्वास्थ्य संस्था लगायत अस्पतालमा ल्याउन लैजान आवश्यक सुविधा पु-याउने,

(घ) यस क्षेत्रमा निजि तथा संस्थागत रुपमा सञ्चालित एम्बुलेन्स तथा शव बाहन सेवालाई सहयोग गर्ने,

(ङ) नगरपालिकाले शाखा तथा उपशाखा मार्फत एम्बुलेन्स तथा शव बाहन सञ्चालन गर्ने ।

(च) एम्बुलेन्स तथा शव वाहन सञ्चालनका लागि आन्तरिक तथा बाह्य (वैदेशिक समेत) सहयोग जुटाउनका लागि आवश्यक काम गर्ने ।

(छ) शव वाहनलाई शव यात्रा वाहनको रुपमा घर देखि घाट सम्म प्रयोग निःशुल्क रुपमा गर्ने र रंगेली बाहिरको घाटमा शव लैजानुपरेमा समितिले निर्धारण गरेको शुल्क लाग्नेछ ।

## परिच्छेद ४

**४. कार्यक्षेत्रः** नगरपालिकाको अगुवाइमा स्थानीय तहबाट एम्बुलेन्स तथा शव वाहनको व्यवस्थापन, सञ्चालन, मर्मत संभार सम्बन्धित कार्यसम्म मात्र यस निर्देशिकाको कार्यक्षेत्र हुनेछ ।

## परिच्छेद ५

**५. एम्बुलेन्स तथा शव बाहन सञ्चालनको व्यवस्थाः**

(क) नगरपालिकाले आवश्यकता अनुसार एम्बुलेन्स तथा शव वाहन खरिद गरी वा सहयोग स्वरूप प्राप्त गरी एम्बुलेन्स तथा शव बहान सेवा सञ्चालन गर्न सक्नेछ ।

(ख) उपबुँदा नं. (क) बमोजिम वाह्य सहयोगमा एम्वुलेन्स तथा शव वाहन प्राप्त गर्दा नगरपालिकाले नियमानुसार नेपाल सरकारको अनुमति लिनेछ ।

(ग) यो कार्यविधि जारी हुनु अघि सञ्चालनमा रहेको एम्बुलेन्स तथा शव वाहन यो कार्यविधि लागु भएको मिति देखि यसै बमोजिम सञ्चालन हुनेछ ।

(घ) नगरपालिकाले आवश्यक प्रक्रिया पु-याई आफ्नै शाखा तथा उपशाखा मार्फत First Come First Serve को आधारमा एम्बुलेन्स तथा शव वाहन सञ्चालन गर्न सकिनेछ ।

(ङ) नगर क्षेत्रमा कार्यालय राखी एम्बुलेन्स तथा शव वाहन सेवा सञ्चालन गरेका भएका निजि तथा संस्थालाई आर्थिक तथा भौतिक सहयोग गर्न सकिनेछ ।

(च) एम्बुलेन्स तथा शव बाहन माग गर्नको लागि रंगेली नगरकार्यपालिका अन्तरगत एम्बुलेन्स तथा शव बाहन सेवाको लागि उपलब्ध हुने नम्बरमा फोन गर्नु पर्नेछ ।

(छ) कार्यालयले उपलब्ध गराउने एम्बुलेन्स तथा शव वाहन सञ्चालनका लागि तोकिएको ढाँचा बमोजिमको लगबुक तोकिएको अधिकारीले प्रमाणित गरी सम्बन्धित चालकलाई उपलब्ध गराउनु पर्नेछ। चालकले पनि सोहि लगबुकमा उपकरण सञ्चालन सम्बन्धि अभिलेख राखु पर्नेछ ।

(ज) एम्बुलेन्स तथा शव बाहन प्रयोग गरि काम समाप्त भए पश्चात सुरक्षित तवरले कार्यालयमा फिर्ता बुझाउने सम्पूर्ण जिम्मेवारी सम्बन्धित चालकको हुनेछ ।

(झ) एम्बुलेन्स तथा शव वाहन प्रयोग भैरहेको अवस्थामा बिग्रन गई मर्मत गर्नुपर्ने भएमा कार्यालयको नियमानुसार गर्नु पर्नेछ ।

(ञ) एम्बुलेन्स तथा शव वाहन प्रयोग गर्दा उक्त उपकरण कार्यालयबाट बाहिर निस्केको र कार्यालयमा फिर्ता भएको मिति र समय जनाई सम्बन्धित चालकले दस्तखत गराई शाखा प्रमुखबाट प्रमाणित गराई राख्नु पर्नेछ ।

(ट) एम्बुलेन्स तथा शव वाहन प्रयोग भई फिर्ता भएपछि सम्बन्धित चालकले उक्त उपकरण सञ्चालन भएको विवरण सहितको लगबुक कार्यालयमा बुझाउनु पर्नेछ ।

(ठ) एम्बुलेन्स तथा शव बाहन सेवा सञ्चालनका लागि आवश्यक जनशक्ति व्यवस्थापन गर्न सकिनेछ

## परिच्छेद ६

**६. एम्बुलेन्स तथा शव वाहन सेवा सञ्चालन तथा व्यवस्थापन समितिः**

६.१ एम्बुलेन्स तथा शव बाहनको व्यवस्थित, विश्वसनीय र प्रभावकारी प्रयोगको व्यवस्था मिलाउन तपसिल बमोजिमको निर्देशक समिति रहनेछः

| | |
|---|---|
| (क) नगर प्रमुख | संयोजक |
| (ख) नगर उप प्रमुख | सह-संयोजक |
| (ग) प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत स्तरको कुनै एक कर्मचारी | सदस्य |
| (घ) अस्पतालको मेडिकल सुपरिटेण्डेन्ट | सदस्य |
| (ङ) नगर प्रमुखले तोकेको नगर कार्यपालिका सदस्य मध्ये १ महिला सहित २ जना | सदस्य |
| (च) सम्वन्धित वडाको वडाध्यक्ष | सदस्य |
| (छ) रेडक्रस सोसाइटी उप शाखा रंगेलीको सभापति | सदस्य |
| (ज) विपद् व्यवस्थापन शाखा प्रमुख | सदस्य-सचिव |

६.२ उपबुँदा नं. (६.१) बमोजिम गठित समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) नेपाल सरकारद्वारा जारी गरिएको एम्बुलेन्स सेवा सञ्चालन निर्देशिका तथा सो सम्वन्धी सरकारका निर्णयहरुको परिधिभित्र रही नगरपालिकाको एम्बुलेन्स तथा शव वाहन सेवा सञ्चालन र व्यवस्थापन गर्ने,

(ख) एम्बुलेन्स तथा शव बाहन सेवा सञ्चालनका लागि चाहिने कर्मचारीहरु करारमा नियुक्त गर्न तथा निजको सेवाका शर्त पारिश्रमिक तथा अन्य सुविधा निर्धारण गरी नगरपालिका समक्ष सिफारिस गर्ने,

(ग) एम्बुलेन्स तथा शव बाहन सेवा सञ्चालनका लागि आवश्यक सवारी साधन र उपकरणहरु पहिचान गरी नियमानुसार खरिदका लागि नगरपालिका समक्ष सिफारिश गर्ने,

(घ) एम्बुलेन्स तथा शव बाहन सेवा सञ्चालनका लागि आवश्यक भनी पहिचान गरिएका सवारी साधन तथा उपनारणहरु स्वदेशी वा वैदेशिक सहयोगमा प्राप्त गर्न पहल गर्ने तथा सो को लागि आवश्यकतानुसार निर्णय लिने।

(ङ) निश्चित आधार समेत खुलाइ एम्बुलेन्स तथा शव बाहन सेवा शुल्कको दर निर्धारण तथा छुट सम्बन्धी मापदण्ड निर्धारण गरी नगरपालिका समक्ष सिफारिस गर्ने।

(च) एम्बुलेन्स तथा शव बाहनका रुपमा प्रयोगमा रहेका मौजुदा सवारी साधन तथा उपकरणहरुको नियमित चेकजाँच तथा मर्मत सम्भारको व्यवस्था मिलाउने ।

(छ) एम्वुलेन्स तथा शव बाहन सञ्चालन कार्यको नियमित अनुगमन गर्ने वा गर्न लगाउने ।

(ज) एम्बुलेन्स तथा शव बाहन सञ्चालन कार्यमा कुनै अनियमितता वा लापरवाही गरेको पाइएमा त्यस्तो कार्य गर्ने जुनसुकै व्यक्तिलाई नियमानुसार कारवाही गर्न सम्बन्धित निकायमा सिफारिश गर्ने तथा एम्बुलेन्स तथा शव बाहनका कर्मचारीहरुको हकमा निजलाई एम्बुलेन्स तथा शव बाहन सेवाको कामबाट तत्काल बर्खास्त गरी अन्य कारवाहीका लागि नगरपालिका मार्फत सम्बन्धित निकायमा लेखी पठाउने।

(झ) एम्वुलेन्स तथा शव बाहन सेवा सञ्चालनमा अन्य पक्षसँग सहकार्य गर्ने सम्बन्धत नीतिगत निर्णय गरी नगर कार्यपालिका समक्ष सिफारिश गर्ने ।

(ञ) समितिलाई यो कार्यविधि बमोजिम प्राप्त अधिकार मध्ये कुनै अधिकार शाखा प्रमुखलाई प्रत्यायोजन गर्ने। तर, समितिको बैठक नबसेको अवस्थामा शाखा प्रमुखले कार्यविधीको परिधीभित्र रही सेवा सञ्चालन गर्न सक्नेछ।

## परिच्छेद ७

### ७. समितिको बैठक

७.१ समितिको बैठक आवश्यकता अनुसार बस्नेछ।समितिले वैठकमा आवश्यक ठानेका अन्य सरोकारवालाहरुलाई समेत आमन्त्रण गर्न सक्नेछ ।

७.२ समितिको बैठक संयोजकको निर्देशनमा सदस्य सचिवले बोलाउनेछ र यसरी बैठक बोलाउँदा कम्तिमा २४ घण्टा अगाडि सदस्यहरुलाई बैठक बस्ने मिति, समय, स्थान र छलफलको विषयका बारेमा कुनै एक माध्यमबाट सुचना दिनु पर्नेछ ।

७.२ बैठकको अध्यक्षता संयोजकले गर्ने र निजको अनुपस्थितिमा नगरपालिकाको उपप्रमुख रहेको समितिको सदस्यले बैठकको अध्यक्षता गर्नेछ।

७.३ समितिका सदस्यहरु मध्ये ५१ प्रतिशतको उपस्थितिलाई गणपुरक संख्या मानिनेछ र उपस्थित सदस्यहरुको बहुमतका आधारमा समितिको निर्णय हुनेछ ।

## परिच्छेद ८

### ८. एम्वुलेन्स तथा शव वाहन सेवा सञ्चालन गर्ने निकायः

(क) दुवै साधन अस्पतालको अधिनमा रहने गरी नगरपालिकाको विपद् व्यवस्थापन शाखाले एम्बुलेन्स तथा शव बाहन सेवा सञ्चालनमा समन्वय गर्नेछ।

(ख) समितिको निर्णय कार्यान्वयन गरी एम्वुलेन्स तथा शव बाहन सेवाको सामान्य सञ्चालन र व्यवस्थापन गर्नु शाखा प्रमुखको मुख्य कर्तव्य हुनेछ र आफ्नो कामका लागि शाखा प्रमुख समिति प्रति उत्तरदायी रहनेछ।

(ग) एम्वुलेन्स तथा शव बाहन सेवामा रहेका एम्वुलेन्स तथा शव वाहन तथा उपकरणहरु शाखा प्रमुखको जिम्ममा रहनेछन।

(घ) शाखा प्रमुखले एम्वुलेन्स कर्मचारीहरुलाई आवश्यकतानुसार काममा लगाउन सक्नेछ र प्रत्येक कर्मचारीले आफ्नो कामका लागि प्रमुख प्रति उत्तरदायी रहनेछन् । शव वाहन चालकको नियमित काम नपर्ने भएकोले शाखा प्रमुखले कार्यालयको अन्य काममा समेत कामकाज गर्न लगाउन सक्नेछ।

(ङ) समितिको निर्णयको परिधि भित्र रही शाखा प्रमुखले एम्वुलेन्स तथा शव बाहनका लागि आवश्यक परिमाणमा इन्धन तथा लुब्रिकेन्ट्स उपलब्ध गराउनेछ।

(च) एम्वुलेन्स तथा शव बाहन प्रयोग भएकोमा सो को दूरी लागेको समय, मिति र खर्च भएको इन्धनको विवरण खुल्ने खालको लगबुक तयार गरी शाखा प्रमुखले एम्बुलेन्स तथा शव बाहन चालकलाई उपलब्ध गराउनेछ।लगबुक प्राप्त गरी शाखा प्रमुखले प्रमाणित गरी राखु पर्नेछ।

(छ) शाखा प्रमुखले एम्वुलेन्स तथा शव बाहन सेवा सञ्चालनमा प्रयोगमा रहेका सवारी साधन तथा उपकरणहरु मर्मत गर्नु पर्ने भएमा सो को अभिलेख राखी मर्मत संभार गर्ने व्यवस्था मिलाइ सो को आदेश दिनेछ।

(ज) शाखा प्रमुखले एम्वुलेन्स तथा शव बाहन सेवा सञ्चालनमा तोकिएको खर्च गर्न तथा भएको खर्च प्रमाणित गरी भुक्तानी सिफारिश गर्नेछ। यस्तो सिफारिश गर्ने अधिकार शाखा प्रमुख बाहेक अरुलाई रहने छैन।

(झ) शाखा प्रमुखले एम्वुलेन्स तथा शव बाहन सेवा सञ्चालन सम्बन्धी मासिक विवरण सहितको प्रतिवेदन तयार गरी राख्ने र त्यस्तो प्रतिवेदन समितिको बैठकमा पेश गर्नेछ।

(ञ) शाखा प्रमुखले एम्वुलेन्स तथा शव बाहनका कर्मचारीहरुलाई आफ्नो काम प्रति सदैव सचेत रही इनान्दारी पूर्वक सेवा प्रवाह गर्न उत्प्रेरित गर्नेछ । यसका लागि कुनै अतिरिक्त प्रवन्ध गर्नु पर्ने भए सो को औचित्य समेत पुष्टि गरी प्रस्ताव तयार गरी संयोजक मार्फत समितिको बैठकमा पेश गर्नेछ।

(ट) शाखा प्रमुखले एम्वुलेन्स तथा शव बाहन कर्मचारीको हाजिरी प्रमाणित गर्नेछ।

(ठ) एम्वुलेन्स तथा शव बाहनको प्रयोग र सो सेवा वाहेक अन्य कार्यमा कुनै पनि हालतमा गर्न नदिने।

## परिच्छेद ९

**८. गलत सूचना दिने व्यक्तिलाई हुने सजायः**

८.१ एम्बुलेन्स तथा शव बाहन सेवा आवश्यक भयो भनी गलत सूचना दिने व्यक्ति र सञ्चालन तथा व्यवस्थापन कार्यमा अवरोध पुर्याउने व्यक्तिलाई कानुन अनुसार कारवाही गरिनेछ ।

## परिच्छेद १०

**९. विविध, खारेजी र बचाउः**

९.१ समितिले निर्धारण गरेकोमा सोही बमोजिम हुने गरी हाललाई सेवा शुल्क दर अनुसूची १ बमोजिम निर्धारण गरिएको छ।

९.२ यस निर्देशिकामा उल्लेख भएका कुराहरू यसै बमोजिम र अन्य कुराहरू प्रचलित ऐन नियम बमोजिम हुनेछ ।

## अनुसुची-१

**क. एम्वुलेन्स सेवा उपभोग गरे वापतको शुल्क**

१. रंगेलीवाट विराटनगर रु.१२००।-

२. रंगेलीवाट धरान रु.२५००।-

३. रंगेलीवाट दमक रु.२०००।-

४. रंगेलीवाट विर्तामोड रु.३०००।-

५. रंगेलीवाट सिलिगुडी रु.७५००।-

६. रंगेलीवाट वुढिगंगा रु.१५००।-

७. रंगेलीवाट टकुवा रु.७००।-

८. रंगेलीवाट साविक वरडंगा रु.१०००।-

९. रंगेलीवाट डाईनिया चौकसम्म रु. ७००।-

१० रंगेलीवाट रतुवामाई रु.१२००।-

११. रंगेलीवाट कानेपोखरी रु.१०००।-

१२. रंगेलीवाट धनपालथान रु.८००।-

१३. रंगेली १ र २ सम्म रु.७००।-

१४. रंगेली ३, ९ र ५ सम्म रु.६००।-

१५. रंगेली ४, ६, ७ र ८ सम्म रु.५००।-

१६. उक्त स्थान वाहेक अन्यत्रको लागि प्रति किलोमिटर रु. ५० कायम गर्ने ।

**ख. शव वाहन सेवा उपभोग गरे वापत**

१. रंगेलीवासीको लागि रंगेलीवाट रंगेली भित्रको जुनसुकै घाट सम्म लानु ल्याउनु परेमा निशुल्क हुनेछ ।

२. रंगेलीवासीको लागि झापा, मोरङ्ग र सुनसरीवाट रंगेलीको जुनसुकै घाटसम्म ल्याउनु परेमा निशुल्क हुनेछ ।

३. झापा, मोरङ्ग र सुनसरीबाहेक अन्य स्थानबाट रंगेलीको घाटसम्म ल्याउनुपरेमा र अन्य पालिकाका वासिन्दाका लागि रंगेली अस्पताललाई आधार स्थान मानेर प्रति किलोमिटर रु. ५०।- कायम गरिएको छ ।

आज्ञाले,
नवराज कार्की
प्रमुख प्रशासकीय अधिकृत